**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- सर्वोच्च न्यायालयको निर्देशमा पश्चिम बङ्गालको अपूर्ण अन्तिम मतदाता सूची भोलि जारी गरिनेछ।
- कलकत्ता उच्च न्यायालयले पश्चिम बंगालमा मतदाता सुचीको विशेष गहन पुनरीक्षण एस.आई.आर कार्यलाई द्रुत बनाउन झारखण्ड र ओडिशाबाट दुई सय न्यायिक अधिकारीहरू मांग गरेको छ।1
- भारत सरकारको दूरसञ्चार विभाग ,दूरसञ्चार इन्जिनियरिङ केन्द्र र भारतीय प्रौद्योगिकी संस्थान खड़गपुरबीच एक सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ।
- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीद्वारा खर्साङ महकुमा अन्तर्गत लालमाटी तीनधारेमा मौरी गुणन केन्द्रको भर्चुवली उद्घाटन गरिएको छ।
- खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर 4 मा "पानी निरीक्षण समिति" गठन गरिएको छ।

**सर्वोच्च न्यायालय - पश्चिम बंगाल - अपूर्ण अंतिम मतदाता**

सर्वोच्च न्यायालयको निर्देशमा पश्चिम बङ्गालको अपूर्ण अन्तिम मतदाता सुची भोलि जारी गरिनेछ। यसमा ती मतदाताहरूको नाम पनि समावेश गरिनेछ जसको दस्तावेज र जानकारी विशेष गहन पुनरीक्षण - एसआईआर प्रक्रिया अन्तर्गत न्यायिक रूपमा सत्यापन हुन बाँकी छ। निर्वाचन आयोगका सुत्र अनुसार, एसआईआर प्रक्रियाको सुरुवातमा राज्यमा ७ करोड ६६ लाख भन्दा अधिक मतदाताको नाम थियो। त्यसमध्ये लगभग ५८ लाख नक्कली र बेपत्ता, स्थानान्तरण गरिएका र मृत मतदाताहरुको नाम मस्यौदा सूचीबाट हटाइएको छ। बाँकी सात करोड आठ लाख मतदाताको नाम अन्तिम सूचीमा समावेश गरिनेछ।

**कलकत्ता हाई कोर्ट - मतदाता सूची**

कलकत्ता उच्च न्यायालयले पश्चिम बंगालमा मतदाता सुचीको विशेष गहन पुनरीक्षण एस.आई.आर कार्यलाई द्रुत बनाउन झारखण्ड र ओडिशाबाट प्रत्येक-१०० न्यायिक अधिकारीहरू मागेको छ। सर्वोच्च न्यायालयले आवश्यक परेमा छिमेकी राज्यका न्यायिक अधिकारीलाई पठाउन अनुमति दिएको थियो।

*न्यायालय सुत्र अनुसार उच्च न्यायालयले हिज झारखण्ड र ओडिशाका सम्बन्धित अधिकारीहरूलाई औपचारिक पत्र पठाएर उनीहरूलाई २०० न्यायिक अधिकारीहरूको आवश्यकताबारे जानकारी गराएको छ। मतदाता सुची पुनरावलोकनका क्रममा राज्य सरकार र चुनाउ आयोगबीच समन्वय हुन नसकेको भन्दै शीर्ष न्यायालयले चिन्ता व्यक्त गरेको थियो। साथै, आकड़ामा भेटिएका विसंगतिहरू हटाउन उच्च न्यायालयको हस्तक्षेप आवश्यक थियो। निर्वाचन आयोग सुत्र अनुसार, बुधबार सम्म ५३२ न्यायिक अधिकारीहरू एसआईआरको काममा खटिएका छन्, जसमध्ये २७३ जनाले काम सुरु गरिसकेका छन्। तर, कामको फराकिलो दायराका कारण थप अधिकारीको आवश्यकता महसुस भइरहेको छ। सर्वोच्च न्यायालयले पनि आवश्यक परेमा अवकाश प्राप्त*

*न्यायाधीशलाई नियुक्त गर्न अनुमति दिएको छ। यसैबीच, मुख्य न्यायाधिश सुजय पालले हिज निर्वाचन आयोग र राज्य प्रशासनका वरिष्ठ अधिकारीहरूसँग बैठक गर्नुभयो। बैठकमा मुख्य सचिव नन्दिनी चक्रवर्ती, मुख्य निर्वाचन अधिकारी मनोजकुमार अग्रवाल, पुलिस महानिर्देशक पीयूष पाण्डे, कलकत्ताका पुलिस आयुक्त सुप्रतिम सरकार र विशेष भूमिका पर्यवेक्षक सुब्रत गुप्ता उपस्थित हुनुहुन्थ्यो।*

**भारत सरकार - (टीईसी), (डीओटी) भारतीय प्रौद्योगिकी संस्थान हस्ताक्षर**

भारत सरकारको दूरसञ्चार विभाग (डीओटी) दूरसञ्चार इन्जिनियरिङ केन्द्र (टीईसी) र भारतीय प्रौद्योगिकी संस्थान खड़गपुरबीच २३ फरवरी २०२६ मा एक सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ। भारतीय प्रौद्योगिकी संस्थान खरगपुरले हिज साँझ दिएको आधिकारिक जानकारी अनुसार सम्झौतामा प्राविधिक तथा विभागका उपमहानिर्देशक कमलकुमार अग्रवाल र प्राविधिक तथा परिवहन विभागका उपमहानिर्देशक प्रा. यसमा देबदीप मुखर्जीले हस्ताक्षर गर्नुभएको छ । यस अवसरमा आइआइटी खडगपुरका निर्देशक प्रा. सुमन चक्रवर्ती, प्रा. गौतम दास, प्रा. भेटघाटमा देवर्ती सेन र उपमहानिर्देशक सौविककुमार दासको उपस्थित हुनुहुन्थ्यो। यो साझेदारीलाई डिजिटल इन्डिया, आत्मनिर्भर भारत र भारत 6 जी भिजन जस्ता राष्ट्रिय प्राथमिकताहरू अनुरूप दूरसंचार अनुसन्धान र मानकीकरणका प्रयासहरूलाई अगाडि बढाउने कोशिसको रूपमा हेरिएको छ।

**पश्चिम -केंद्रीय चुनाव आयोग -भ्रमण स्थगित**

पश्चिम बंगालमा आसन्न विधानसभा चुनावको तयारीको समीक्षा गर्न केन्द्रीय निर्वाचन आयोगको भ्रमण तत्कालका लागि स्थगित गरिएको छ। उप निर्वाचन आयुक्त ज्ञानेश भारतीको नेतृत्वमा निर्वाचन आयोगको एक उच्चस्तरीय प्रतिनिधिमण्डल १ मार्च मा राज्य आउने कार्यक्रम थियो, जुन अहिले स्थगित गरिएको छ। आयोगले २ मार्च मा राज्य पुलिस र प्रशासनिक अधिकारीहरूसँग बैठक गर्ने प्रस्ताव गरेको थियो। बैठकमा जिल्ला मजिस्ट्रेट, पुलिस अधीक्षक, विभिन्न निकायका प्रतिनिधिहरुका साथै मुख्य सचिवस्तरका अधिकारीको उपस्थिति रहने बताइएको थियो। प्रतिनिधिमण्डलमा आयोगकी डीजी (आईटी) सीमा खन्ना पनि सामेल हुने जानकारी थियो। राज्यको सत्तारूढ तृणमूल कांग्रेसले मतदाता सुचीमा 'तार्किक विसंगति' रहेको आरोप लगाउँदै सीमा खन्नालाई धेरै पटक प्रश्न गरेको छ। सुत्र अनुसार बङ्गाल सरकारको आग्रहमा आयोगले आफ्नो कार्यक्रम स्थगित गरेको छ। बैठकको संशोधित मिति र नयाँ रूपरेखा आजसम्म अन्तिम निर्णय हुन सकेको थिएन। राज्यको अन्तिम मतदाता सूची २८ फरवरी मा प्रकाशित हुनेछ। त्यसपछि मात्र आयोगले राज्यको चुनावी तयारीको समीक्षा गर्न चाहेको थियो। राज्यको सबै परिस्थितिलाई मध्यनजर गर्दै राज्य सरकारको आग्रहमा चुनाउ आयोगले आफ्नो भ्रमण तत्कालका लागि स्थगित गरेको छ। अब नयाँ तिथिको औपचारिक घोषणा हुन बाँकी छ।

**पश्चिम बंगाल -पुलिस महानिदेशक (डीजीपी) स्थायी नियुक्ति**

राज्यमा आगामी विधानसभा चुनाव अघि राज्यमा पुलिस विभागको शीर्ष पदहरूमा पुलिस महानिर्देशक डी.जी.पी. को स्थायी नियुक्तिको प्रक्रिया तीव्र पारिएको छ। संघ लोक सेवा आयोग यू.पी.एस.सी ले पश्चिम बंगाल सरकारबाट भारतीय पुलिस सेवा आई.पी.एस का वरिष्ठ अधिकारीहरूको नाम मागेको छ, जसमध्ये एक जना राज्यको नयाँ स्थायी डीजीपीको रूपमा नियुक्त हुनेछन्। सन् १९९३ ब्याचका आईपीएस अधिकारी पीयूष पाण्डेले कार्यवाहक डीजीपीको जिम्मेवारी सम्हालिरहेका छन्। राज्यका अन्तिम स्थायी डीजीपी मनोज मालवीय थिए, जो २०२३ मा सेवानिवृत्त भएका थिए। त्यसयता यो पद स्थायी रूपमा रिक्त छ। सुत्र अनुसार यूपीएससीबाट पत्र प्राप्त भएपछि सम्बन्धित विभागले राज्य सचिवालय नवन्नामा सम्भावित नामहरूको प्रक्रिया सुरु गरेको छ। वरिष्ठताका आधारमा सन् १९९१ ब्याचका आईपीएस अधिकारी अनुज शर्माको नाम अग्रपंक्तिमा रहेको मानिन्छ। हाल उहा पश्चिम बंगाल फायर एन्ड इमर्जेन्सी सर्भिसेज डिपार्टमेन्टका महानिर्देशक छन्।कार्यवाहक डीजीपी पीयूष पाण्डे बाहेक

होमगार्डका महानिर्देशक नटराजन रमेश बाबु, राज्य सुधार सेवाका महानिर्देशक सिद्धनाथ गुप्ता र नागरिक सुरक्षाका महानिर्देशक सञ्जय सिंहको नाम पनि सम्भावित सूचीमा समावेश हुने सम्भावना छ। ३१ जनवरीमा तत्कालीन कार्यवाहक डीजीपी राजीव कुमारले अवकाश लिएपछि राज्य सरकारले पीयूष पाण्डेलाई कार्यवाहक डीजीपी नियुक्त गरेको थियो।

**मुख्यमन्त्री – लालमाटी- मौरी गुणन केन्द्र-उद्घाटन**

पश्चिम बंगाल की मुख्यमन्त्री ममता बनर्जीद्वारा खर्साङ महकुमा अन्तर्गत लालमाटी तीनधारेमा मौरी गुणन केन्द्रको भर्चुवली उद्घाटन गर्नु भएको छ ।दार्जिलिङ पहाडमा मौरीपालन र ग्रामीण उद्यमशीलतालाई उल्लेखनीय रूपमा बढावा दिँदै, पश्चिम बंगालकी माननीय मुख्यमन्त्री ममता बनर्जीले गत २५ फरवरी मा बहुप्रतीक्षित मौरी गुणन केन्द्रको भर्चुअल रूपमा उद्घाटन गर्नुभएको हो। यो पहल यस क्षेत्रमा सतत जीविकोपार्जनलाई सुदृढ पार्न र मह उत्पादन क्षमता बढाउनमा एक प्रमुख उपलब्धि मानिएको छ ।यो परियोजना दार्जिलिङ रेन्जको सहकारी निर्देशनालयले वित्त पोषित गरेको छ, जसले सरकारको सहकारी नेतृत्वमा रहेको ग्रामीण विकासमा निरन्तर जोडलाई प्रतिबिम्बित गर्दछ। मौरी गुणन केन्द्र आई.भी.वाई एम.पी.सि.एस लिमिटेड द्वारा कार्यान्वयन गरिएको छ, जुन पहाडका साना र सीमान्त कृषकहरूका लागि परिवर्तनकारी शक्तिको रूपमा देखा परेको बहुउद्देश्यीय सहकारी संस्था हो।

**गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन-तीनधारे -शिलन्यास**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट हिज तीनधारेमा मिठाईडाँडा रेणुका कन्या उच्च माध्यमिक विद्यालयको नयाँ भवन र तीनधारेको गोलाई पाखामा सार्वजनिक भवन निर्माणको शिलान्यास गर्नुभएको छ 1 तीनधारेको मिठाईडाँडा रेणुका कन्या उच्च माध्यमिक विद्यालय परिसरमा शिलान्यास कार्यक्रम सम्पन्न भयो ।यी दुवै भवनको निर्माण पश्चिम बंगाल ग्रामीण विकास, दार्जिलिङ कार्यकारी डिभिजनबाट निर्माण हुन भएको छ। यस शिलान्यास कार्यक्रममा विद्यालयका विद्यार्थीहरुले गीत, नृत्य प्रस्तुत गरेका थिए।

**दक्षिण पूर्व -सम्मानित**

दक्षिण पूर्व रेलवेको खडगपुर मण्डलमा २८ फरवरी २०२६ मा अवकाश प्राप्त हुने रेलकर्मीको सम्मानमा हिज साउथ इन्स्टिच्युट अडिटोरियममा एक समारोहको आयोजना गरियो । कार्यक्रममा ६२ जना कर्मचारीलाई सम्मानित गरिएको थियो।

**खरसाङ नगरपालिका**

खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर 4 को बुथ नम्बर 24/189 को निम्ति "पानी निरीक्षण समिति" गठन गरिएको छ। ।जीटीए मुख्य कार्यपाल अनित थापाको निर्देशनमा कुनै पनि वार्डका नागरिकसँग पानी वितरणमा भेदभाव नहोस् भन्न खातिर कमिटी गठन गरिएको हो। यस भेगमा वरिष्ठ एवं सजग व्यक्तित्वहरू मिलेर पहिलो पटक कमिटी गठन गरिएको बताइएको छ।

****** ० ******